## मिति २०८२/०९/०५ गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. १

नेपालगञ्ज उप-महानगरपालिकाको विनियोजन ऐन, २०८२ लाई संशोधन (बजेट पुनरावलोकन) गर्न बनेको विधेयक, २०८२ स्वीकृतिका लागि नगर सभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. २

नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ स्वीकृतिका लागि नगर सभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. ३

नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक-निजी साझेदारी (कार्यविधि सम्बन्धी) व्यवस्था गर्न बनेको विधेयक, २०८२ स्वीकृतिका लागि नगर सभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. ४

नेपालगञ्ज उप-महानगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता प्रदान गर्न स्वीकृतिका लागि नगर सभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. ५

"नेपालगञ्ज उप-महानगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन्, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गर्ने ।

निर्णय नं. ६

नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको स्वामित्व रहि बहालमा रहेका सम्पूर्ण सटरहरुमध्ये जेन-Z आन्दोलनका क्रममा कतिपय सटरहरूमा क्षति पुगेको एवम् सो घटना पश्चात व्यापार/व्यवसायमा नकारात्मक असर परी समयमै बहाल रकम दाखिला हुन नआएको सन्दर्भमा उक्त तथ्यलाई मध्यनजर गर्दै उल्लेखित सटरहरूका लागि फागुन मसान्तभित्र बहाल रकम बुझाएमा २०८२ साल (असोज, कार्तिक, मंसिर र पौष) महिनाको जरिवाना छुट दिने साथै नेपालगञ्ज उप-महानगरपालिकाको मुख्य प्रशासनिक केन्द्रमा रहेका सटरहरूको हकमा नेपालगञ्ज उप-महानगरपालिकाबाट गरिएको क्षति प्रतिवेदन मुचुल्कामा रु. १०,००,०००।-(अक्षेरुपी दश लाख) वा सो भन्दा बढी क्षति भएको विवरण समाविष्ट भएकाको हकमा असोज महिना (१ महिना) को सटर भाडा छुट दिने र अन्य सटरहरूको हकमा असोज महिनाको १५(पन्ध्र) दिन को सटर भाडा छुट दिन स्वीकृतिका लागि नगर सभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८२/०९/०५ गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ७

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र निर्माण भईसकेका तर प्रमाणीकरण तथा नक्शा पास हुन बाँकी रहेका भवनहरुको मिति २०८३ असार मसान्तसम्मका लागि नक्शा पास राजश्वमा नियमित लाग्ने दस्तुर सहित ४ (चार) गुणा जरिवाना लिई र नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयका भवनहरु, उप-महानगरपालिका अन्तर्गतका वडा कार्यालयका भवनहरु एवं नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गतका अन्य सम्पूर्ण कार्यालयहरुका भवनहरुलाई निःशुल्क रुपमा भवन नक्शा अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्न स्वीकृतिका लागि नगर सभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. ८

"नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २ स्थित गुरुद्वारा देखी पूर्व तर्फ गौशाला जाने बाटोको उत्तर तर्फ बाल्दा तलाउमा निर्माण हुन लागेको १०८ फिटको हनुमान जीको मुर्ति भएको (मन्दिर) जाने बाटोमा धार्मिक भक्तजनहरुको चाप अत्याधिक हुने भएकोले सो बाटोको मापदण्डमा ७ (सात) मिटर चौडाई कायम गर्न" भनि नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २ को प.सं. २०८२/०८३, च.नं. ४८४, मिति २०८२/०८/२४ गतेको पत्रानुसार अनुरोध समेत भै आएको हुँदा उक्त बाटोको मापदण्डमा ७ (सात) मिटर चौडाई कायम गर्न स्वीकृतिका लागि नगर सभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. ९

नेपालगञ्ज उप-महानगरपालिकाको पञ्च-वर्षिय आवधिक योजना र संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्माणको चरणमा रहेको र सोको छलफल दफावार रुपमा गर्नुपर्ने आवश्यक देखिएको हुँदा जनप्रतिनिधि तथा कर्मचारीहरुको कार्यचापका कारण पर्याप्त समय उपलब्ध हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै उक्त कार्यशाला वर्दियामा सञ्चालन गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १०

नेपालगञ्ज उप-महानगरपालिकामा रहेका नगर बसको व्यवस्थापनका लागि अध्ययन गरी १५ (पन्ध्र) दिनभित्र प्रतिवेदन पेश गर्न श्री गोपाल पुन, वडा अध्यक्ष, वडा नं. ४ को संयोजकत्वमा नगर कार्यपालिकाको मिति २०८२/०७/३० गतेको निर्णयानुसार नगर बस व्यवस्थापन अध्ययन समिति गठन गरिएकोमा सो समितिको मिति २०८२/०८/२० गतेको बैठकमा समितिलाई कार्यसम्पादन गर्न तोकिएको म्याद अपुग भएकोले दुई महिनाको म्याद थपका लागि कार्यपालिका समक्ष अनुरोध गर्ने निर्णय भएको हुँदा सो समितिलाई तोकिएको कार्यसम्पादनका लागि दुई महिनाको म्याद थप गर्ने ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत



प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

मिति २०८२/०९/०५ गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. ११

आ.व. २०८२।८३ को स्वीकृत बार्षिक कार्यक्रम नेपालगञ्ज उप-महानगरपालिका भित्र छुटेको सडक निर्माण तथा स्तरोउन्नति शिर्षकमा प्रदेश समपुरक अनुदानमा रु ५० लाख बिनियोजन भएको र यस उप-महानगरपालिकाबाट ब्यहोर्नु पर्ने रकम रु ७५ लाख प्रदेश समपूरक अनुदानबाट खर्च ब्यहोर्ने गरी तपसिलको सडक निर्माण तथा स्तरोउन्नति गर्ने ।

तपसिल,

| क्र.सं. | सडकको नाम | कैफियत |
|---|---|---|
| १ | रचना श्रेष्ठको घरदेखि लकाट अलीको घरसम्म सडक निर्माण कार्य, वडा नं. १ | |
| २ | बस्नेत चोकदेखि रानाचोक जाने सडक निर्माण कार्य, वडा नं. १ | |
| ३ | स्टारलज देखि पूर्व भानुभक्त चोक जोड्ने पिसिसि सडक कालोपत्रे निर्माण कार्य, वडा नं. २ | |
| ४ | न्यूरोड देखि पश्चिम बागेश्वरी गेट सम्म सडक निर्माण कार्य, वडा नं. २ | |
| ५ | हुलाकी राजमार्ग देखि बिष्णु सहानीको घर, डिल्ली बरालको घर हुदै जाने सडक निर्माण कार्य, वडा नं. ६ | |
| ६ | NIC बैक देखि दक्षिण महेन्द्र पार्क जोड्ने सडक तथा नाला स्तरोउन्नति कार्य, वडा नं.८ | |
| ७ | प्रगतिटोल कमल बहादुर बस्नेतको घर, अम्बिका निरौलाको घर हुदै छुटेको सडक निर्माण कार्य,वडा नं. १० | |
| ८ | जि.स.स. देखी पूर्व जाने छुटेको सडक निर्माण कार्य, वडा नं. १३ | |
| ९ | उज्वल नगर टोलमा सडक स्तरोउन्नति कार्य, वडा नं. १८ | |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका